नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# भूमि व्यवस्थापन तथा अभिलेख विभाग
(जनशक्ति प्रशासन शाखा)
बबरमहल, काठमाण्डौं।

फ्याक्स नं. ४२३०५८५
महानिर्देशकः ४२२३०४९
निर्देशक प्रशासनः- ४२२५९८२
निर्देशक योजनाः- ४२२६९८८
क.प्र.शाखाः- ४२६६४९३
आ.प्र.शाखाः- ४२६६४९३
पिए शाखाः- ४२२००२८

पत्र संख्याः- २०७५/०७६/ज.प्र.१६/१ ३४४
चलानी नं.:- ६४९

मितिः-२०७५।०७।१८

विषयः- <u>शेषपछिको वकसपत्र सम्बन्धमा ।</u>

श्री मालपोत कार्यालय
सबै ।

उपरोक्त सम्बन्धमा मालपोत कार्यालय, कास्कीको च.नं.२७३ मिति २०७५।५।१७ र मालपोत कार्यालय, चितवनको च.नं.२१८१ मिति २०७५।५।१७ को पत्रका सम्बन्धमा यस विभागको च.नं.४२१ मिति २०७५।५।२१ को राय सहितको फायल पेश हुँदा शेष पछिको बकस पत्र संशोधन वा रद्द गर्ने सम्बन्धमा देहाय बमोजिम गर्न गराउन लेखि पठाउने भनी नेपाल सरकार (सचिव स्तर) बाट मिति २०७५।७।१४ मा निर्णय भएको भनि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (ज.प्र.शाखा) को प.सं.०७५।०७६ ज.टि. ३००८)/२०९ च.नं.६५९ मिति २०७५।७।१५ को पत्रबाट लेखि आएकोले सोही बमोजिम गर्न हुन आदेशानुसार अनुरोध छ ।

<u>तपसिल</u>

१. शेष पछिको वकसपत्रको लिखत रद्द वा संशोधन गराउन चाहनेले छुट्टै निवेदन पेश गर्नु पर्ने।
२. शेष पछिको वकसपत्र रद्द वा संशोधनका लागि शेषपछिको वकसपत्र लिने व्यक्ति उपस्थित भई सनाखत गरिदिएमा सो को निस्सा फाइल संलग्न गर्ने र निज उपस्थित नभएमा सोही व्यहोरा जनाई शेष पछिको वकसपत्र रद्द वा संशोधन गरिदिने ।
३. शेष पछिको वकसपत्र रद्द वा संशोधन गर्दा शेष पछिको वकसपत्र दिंदाको ढाँचा प्रयोग गर्ने ।
४. शेष पछिको वकसपत्र वदर वा संशोधनको लिखत पारित गर्दाको राजश्वको दर सम्बन्धमा प्रदेश सरकारको आर्थिक ऐन बमोजिम गर्ने ।

०७५।७।१८
अधिकृत

<u>बोधार्थः</u>
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(ज.प्र.शाखा), सिंहदरवार ।
श्री भू-सूचना प्रविधि शाखा
भूमि व्यवस्थापन तथा अभिलेख विभाग - *विभागको वेभसाईटमा राखिदिनु हुन ।*